# परमप्रभुका दूतहरू

## छोटो मिसनरी जीवनी

# चाको के. अथियाली



जन्म : १५-०३-१९२०
निधन : १८-०४-२०११
जन्म स्थान : केरला, भारत
दर्शन स्थल : नेपाल र भारत

सन् १९१९ मा भारतको केरला प्रान्तमा रहेको मारामनमा मर थोमा सिरियन मण्डलीहरूले आयोजना गरेको सम्मेलनमा साधु सुन्दर सिंहले तिब्बतमा मिसनरी कामका आफ्ना अनुभवहरू बाँडिरहनुभएको थियो, र नेपालमा मिसनरीहरूको आवश्यकतालाई विशेष रूपमा उल्लेख गर्नुभयो। भारतीयहरूलाई परमेश्वरको काममा समर्पित हुनको लागि उहाँले गरेको हार्दिक आह्वानले धेरैको हृदय छोयो। त्यस बेला गर्भवती भएकी अन्नम्माले उनको हृदयमा आफ्नो बच्चालाई परमप्रभुको काममा समर्पण गर्ने निर्णय गरिन्। सन् १९२० को मार्चमा तिनले एउटा छोरो जन्माइन् जसको नाम चाको के. अथियाली राखियो।

सी.के. अथियाली आफ्नो युवावस्थामा अङ्ग्रेजहरू विरुद्धको स्वतन्त्रता आन्दोलनमा सामेल हुनुभयो। तर जब उहाँ विशेष सभाहरूमा भाग लिन तिरुवल्लुर जानुभयो, त्यहाँ उहाँको जीवनमा एक आत्मिक परिवर्तन भयो। उहाँले आफ्नो जीवन परमप्रभुको सेवाको लागि समर्पण गर्नुभयो, र प्रशिक्षण लिनुभयो। उहाँले चाँडै त्रावणकोर जिल्लामा गहन सुसमाचारिय काम सुरु गर्नुभयो। तर पनि आफ्नो नेपाल जाने दर्शनलाई मनमा तृष्णासाथ राखिराख्नुभयो।

सन् १९४६ मा जब भारत दङ्गामा डुबेको थियो, सी.के. अथियाली इलाहाबादतिर यात्रा गर्नुभयो र यात्राको क्रममा मृत्युको मुखमै पुग्नुभयो। परमेश्वरको सुरक्षामा इलाहाबाद पुगेर विद्यार्थीहरूका बीचमा सुसमाचार प्रचार गर्नुभयो। त्यसपछि उहाँ सन् १९४८ मा फ्री मेथोडिस्ट मण्डलीद्वारा स्थापित युनियन बिब्लिकल सेमिनरीमा तालिम लिन यवतमाल जानुभयो, जहाँ उहाँले अन्ततः नेपालका लागि ढोका खोलेको पाउनुभयो। सन् १९५० को गर्मी बिदामा उहाँ र उहाँको साथी जार्ज जोन, जो पनि नेपाल सेवामा इच्छा व्यक्त गर्नुभयो, दुवै नेपाल आइपुग्नुभयो। उहाँहरूसँग आर्थिक सहयोग र बस्ने ठाउँ थिएन। यद्यपि उहाँहरू इस्टरको दिन काठमाडौँको सडकमा प्रचार गर्दै बिताउनुभयो।

भारतको छोटो भ्रमणपछि उहाँ अरू केही साथीहरूसँग सन् १९५२ मा फेरि नेपाल आउनुभयो। यस पटक उहाँले नरराज शमशेर जङ्गबहादुर राणा नामका एक इसाई भेट्टाउनुभयो, जो भर्खरै रक्सौलमा रहेको डंकन अस्पतालका चिकित्सकहरूमार्फत उद्धार पाएका थिए। सन् १९५३ अप्रिल दोस्रो हप्तामा सी.के. अथियाली, जार्ज जोन, सी.जी. जार्ज र चेरियन कुरियन मिलेर नरराज राणाको घरमा सङ्गति सुरु गर्नुभयो, जसको नाम "ख्रीष्ट शान्त सङ्घ" भनी राखियो। उहाँको इमानदार प्रयासले धेरै नेपालीहरूले उद्धार पाए।

सन् १९६१ मा केरला फर्कनुभएको उहाँ सन् १९८६ मा अवकाश भएपछि पनि सेवा नगरी घर बस्न अस्वीकार गर्नुभयो। छत्तीसगढमा सतनामी जनजातिको माझ गम्भीर शत्रुताको बीचमा काम गर्न थाल्नुभयो; आफ्नो बुढेसकालमा पनि सुसमाचार प्रचार गर्न पर्चाले भरिएको झोला बोकेर हिँड्नुहुन्थ्यो। सन् २०११ अप्रिल १८ मा ९१ वर्षको उमेरमा उहाँ प्रभुमा सुत्नुभयो।

उहाँले सुरु गरेको त्यो सङ्गति आज वृद्धि भएर बेथशालोम मण्डली (पुतलीसडक मण्डली) भन्ने नाममा सञ्चालित छ, र यही नै नेपालकै दोस्रो मण्डली पनि हो।

"साना कुराहरूको दिनलाई कसले तुच्छ ठान्छ?" जकरिया ४:१०

तपाईँले आफ्ना छोराछोरीहरूलाई केको लागि र कसको लागि अर्पण गर्नुभएको छ ?